# धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्ने सिफारिसका लागि बोर्डमा निवेदन दिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०७९।०६।०२**

धितोपत्र वजारलाई थप प्रतिस्पर्धी, प्रभावकारी, लगानीकर्ता मैत्री एवं अन्तर्राष्ट्रियस्तरको प्रविधि सहितको क्षमतायुक्त बनाई धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नका निम्ति तथा अर्थतन्त्रमा रहेका स्थापित बास्तविक क्षेत्रका सङ्गठित संस्थालाई धितोपत्र बजारमा भित्र्याई राष्ट्रिय पूँजी निर्माण र परिचालनलाई सहजिकरण गर्नका लागि निजी क्षेत्रको लगानीमा थप एक धितोपत्र बजार सञ्चालन गर्न दिई धितोपत्र बजारको सेवा तथा गुणस्तरमा प्रतिष्पर्धा, विकास र विस्तार गरी धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न आवश्यक भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम सीमित दायित्वको सङ्गठित संस्था स्थापना गर्न चाहनेले त्यस्तो संस्था स्थापना गर्नु अघि बोर्डबाट सिफारिस लिनु पर्ने व्यवस्था रहेको र बोर्डले धितोपत्र बजार सञ्चालन गर्न त्यस्तो सङ्गठित संस्था स्थापना गर्न चाहनेलाई सिफारिस गर्न लागेको हुँदा सो प्रयोजनको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ (संशोधन सहित) र धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ बमोजिम देहायका सर्तहरूको अधीनमा रही निवेदन पेस गर्न इच्छुक सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरूः**

१. धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम, निर्देशिका तथा अन्य प्रचलित कानूनको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्न इच्छुक धितोपत्र सम्बन्धी ऐन तथा नियमावली बमोजिम योग्यता पुगेका संस्थाले यो सूचना प्रकाशित भएको मितिले ४५ (पैंतालीस) दिन भित्र (अन्तिम दिनको कार्यालय समय भित्र) धितोपत्र बजार सञ्चालन गर्ने सङ्गठित संस्था दर्ता गर्न सम्बन्धित कार्यालयमा बोर्डको सिफारिसका लागि धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ तथा धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा तोकिए बमोजिम निवेदन, निवेदन दस्तुर, विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन पेस गर्नु पर्नेछ। निवेदन पेस गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समय भित्र निवेदन बुझाउन सकिनेछ।

२. निवेदन पेस गर्दा निवेदकको नाम, ठेगाना स्पष्ट खुल्ने गरी नेपाल धितोपत्र बोर्डलाई सम्बोधन गरी धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ तथा धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा उल्लेखित कागजात तथा विवरणहरू एवं शीलवन्दी गरिएको विस्तृत व्यवसायिक कार्ययोजना समावेश गरी खामबन्दी गरी निवेदन पेस गर्नुपर्नेछ।

३. रितपूर्वक नभएका वा म्याद नाघी आएका वा कुनै सर्त समावेश गरी पेस भएका निवेदन उपर कुनै कारवाही हुने छैन।

४. सूचना बमोजिम पेस हुन आएका कुनै वा सबै निवेदन स्वीकृत गर्ने वा नगर्ने अधिकार बोर्डमा सुरक्षित रहनेछ।

५. धितोपत्र बजार सञ्चालनको लागि सङ्गठित संस्था स्थापना गर्न सिफारिस सम्बन्धी अन्य सर्तहरू धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ एवं धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न बोर्डवाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ।

**नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर**
फोन नं. ०१-५५५०५११/१२ / वेबसाइट : www.sebon.gov.np